सिद्धार्थनगर,भैरहवा
☎०७१-५२०२९९
Email:info.dcrupandehi@supremecourt.gov.np

# रुपन्देही जिल्ला अदालत

सिद्धार्थनगर,रुपन्देही

(प्रशासन शाखा)

मितिः-२०७८।०१।१५

## रुपन्देही जिल्ला अदालतबाट जारी भएको सूचना !

विश्वव्यापी महामारीका रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमणको जोखिमलाई नियन्त्रण,रोकथाम र उपचारको लागि मिति २०७८/०१/१४ को सम्मानित श्री सर्वोच्च अदालतको पूर्ण बैठकको निर्णय र यस रुपन्देही जिल्लाको कोभिड संक्रमणको अवस्था समेतलाई बिचार गरी सम्मानित सर्वोच्च अदालत,उच्च अदालत र यस अदालतबाट प्रस्तुत विषयसंग सम्बन्धित अन्य निर्णय नभएसम्म मिति २०७८/०१/१६ गतेदेखि मिति २०७८/०१/२९ सम्म यस अदालतबाट प्रदान हुँदै आईरहेको सेवाहरुमध्ये सुरक्षाको मापदण्ड पालना गरी देहायका सेवाहरु मात्र संचालन गर्ने यस अदालतबाट मिति २०७८/०१/१५ मा निर्णय भएको बेहोरा सम्बन्धित सरोकारवाला सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

देहायः

क)बन्दीप्रत्यक्षीकरण निवेदन दर्ता।

ख)म्याद थप,पक्राउ पुर्जी जारी,जरुरी पक्राउ पुर्जी समर्थन,कल डिटेल अनुमति प्रदान।

ग)अभियोगपत्र दर्ता,बयान,थुनछेक।

घ)कसुर ठहर भएका मुद्दाको सजाय निर्धारणसम्बन्धी सुनुवाई।

ङ)मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५५ को सुविधाको निवेदनको सुनुवाई।

च)घरेलु हिंसाको निवेदन दर्ता।